# मलंगवा नगरपालिका

# मलंगवा राजपत्र

खण्ड ७ संख्या १२ मितिः २०८०।०४।०१

**भाग-१**

**मलंगवा नगरपालिका**

## फोहरमैला व्यवस्थापन ऐन, २०८०

# फोहरमैला व्यवस्थापन ऐन २०८०

नागरिकले स्वच्छ वातावरणमा बाँच्न पाउने संवैधानिक हकको कार्यान्वयन गर्न सन्दर्भमा नगरवासीहरुको फोहर व्यवस्थापन तथा सरसफाइ सम्बन्धी सचेतना अभिवृद्धि गर्न, फोहरमैला व्यवस्थापनमा नीजि क्षेत्र, गैर सरकारी संस्था वा सामुदायिक संस्था तथा नागरिक समाजको साझेदारी स्थापित गर्न, समुदायको चासो र लागत सहभागिता समेत अभिबृद्धि गर्दै फोहर संकलन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन, अस्पतालजन्य फोहर र प्लास्टिकजन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन तथा फोहर व्यवस्थापनमा साझेदार परिचालित गर्न आवश्यक देखिएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ र फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५१ (२) दिएको अधिकार प्रयोग गरी मलंगवा नगरपालिकाको दशौं नगरसभाबाट यो फोहरमैला व्यवस्थापन ऐन, २०८० परित गरी लागू गरिएको छ ।

## परिच्छेद - १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस ऐनको नाम 'फोहरमैला व्यवस्थापन ऐन २०८०' रहनेछ ।

(२) यो ऐन मलंगवा नगरपालिका कार्यपालिकामा २०८० साउन १ गतेदेखि लागू हुनेछ ।

२. परिभाषा : १. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'संविधान' भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) 'स्थानीय तह' भन्नाले मलंगवा नगरपालिका सम्झनुपर्छ ।

(ग) 'कार्यपालिका' भन्नाले मलंगवा नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) 'प्रमुख' भन्नाले मलंगवा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) 'उपप्रमुख' भन्नाले मलंगवा नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्छ ।

(च) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले मलंगवा नगरपालिकाका नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) 'कार्यपालिका सदस्य' भन्नाले मलंगवा नगरपालिकाको नगर कार्यपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(ज) 'विषयगत शाखा' भन्नाले मलंगवा नगरपालिकाको कार्यालयका विषयगत शाखालाई सम्झनु पर्छ ।

(झ) 'समिति' भन्नाले मलंगवा नगरकार्यपालिकाको कार्य सम्पादन नियमावलीद्धारा गठित समिति समितिहरुलाई सम्झनु पर्छ ।

(ञ) 'ऐन' भन्नाले मलंगवा नगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०८० जनाउनेछ ।

(ट) 'संघीय ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र फोहरमैला व्यवस्थापन ऐन २०६८ लाई जनाउनेछ ।

(ठ) 'फोहरमैला' भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुनु नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट, होडिङबोर्ड, भत्याङ्, निर्माण सामग्री र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

(ड) 'हानिकारक फोहरमैला' भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

(ढ) 'रासायनिक फोहरमैला' भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(ण) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनुपर्छ ।

(त) ''निर्देशक समिति'' भन्नाले यस ऐन अनुसार गठन भएको फोहर मैला व्यवस्थापन निर्देशक समितिलाई जनाउछ ।

(थ) वडा भन्नाले मलंगवा नगरपालिका वडाहरु सम्झनुपर्छ ।

## परिच्छेद - २ फोहरमैला निर्देशक तथा व्यवस्थापन समिति

३. फोहरमैला व्यवस्थापन निर्देशक समिति गठन : (१) नगरको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन आवश्यक नीति, निर्देशन एवं सहजीकरण गर्न नगरपालिकामा देहायनुसारको निर्देशक समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख -अध्यक्ष

ख) नगर उप प्रमुख -उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक -सदस्य

ङ) जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि -सदस्य

च) बातावरणविज्ञ वा सरसफाइ अभियन्ता मध्ये नगर प्रमुखबाट मनोनित एक जना -सदस्य

छ) उद्योग वाणिज्य संघको प्रतिनिधि -सदस्य

छ) नगर क्षेत्रको ट्राफिक कार्यालयको प्रमुख - सदस्य

ज) शहरी पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

झ) गै.स.स मध्येवाट सम्पर्क व्यक्ति -सदस्य

ञ) नगर स्वास्थ शाखाको संयोजक - सदस्य

ट) फोहरमैला व्यवस्थापन हेर्ने विषयत शाखा अधिकृत -सदस्य सचिव

(२) निर्देशक समितिको बैठक महिनाको एक पटक बस्नेछ । फोहरमैला व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ ।

(३) फोहरमैला व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकार :

(क) फोहरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने ।

(ख) वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

(ग) फोहर व्यवस्थापनमा क्रमश : स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने ।

(घ) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी सोको विकल्प समेतको सम्भावनाको खोजी गर्ने ।

(ङ) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।

(च) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने ।

(छ) ल्याण्डफिल साइटलाई प्रदुषण शून्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ज) जैविक फोहरबाट उर्जा, कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुन प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

(झ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आबश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

(ञ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न कार्यपालिका समक्ष प्रस्ताव पेश गर्ने ।

(ट) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्ने ।

४.वडास्तरीय फोहर मैला व्यवस्थापन समिति गठन : (१) वडाको फोहरमैला व्यवस्थापनमा सहजीकरण गर्न वडास्तरमा देहायनुसारको फोहर मैला व्यवस्थापन समिति रहनेछ :

क) वडा अध्यक्ष - संयोजक

ख) वडा समितिले तोकेको १ जना वडा सदस्य -सदस्य

ग) टोल विकास संस्थाको अध्यक्ष मध्ये संयोजकबाट मनोनित १ महिला सहित २ जना -सदस्य

घ) वडा समितिले तोकेको समाजसेवी वा सरसफाई अभियन्ता मध्येवाट १ जना -सदस्य

ङ) वडा समितिले तोकेको स्थानीय व्यापारी प्रतिनिधि प्रतिनिधि १ जना -सदस्य

च) वडाको सरसफाइ कार्यमा संलग्न नीजि क्षेत्रको प्रतिनिधि १ जना -सदस्य

छ) वडा सचिव - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ । फोहरमैला व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ ।

(३) वडास्तरीय फोहरमैला व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार

(क) फोहरमैला व्यवस्थापन तथा वडालाई सफा र स्वच्छ वडा निर्माणका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने ।

ख) वडालाई वातावरण मैत्री तथा सफा र स्वच्छ वडा वनाउन आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।

(ग) फोहरलाई स्रोतमै बर्गीकरण गर्ने व्यवस्था मिलाउन आबश्यक पहल गर्ने ।

(घ) बर्गीकृत फोहर मध्ये अर्ग्यानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आर (3R= Reduse, Reuse & Recycle) को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।

(ङ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने ।

(च) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न निर्देशक समिति समक्ष सिफारिश गर्ने ।

(छ) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन टोल विकास संस्थाहरु सँग सहकार्य गर्दै विशेष कार्यदल गठन गरि परिचालन गर्ने ।

(ज) फोहर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

(झ) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिकरणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

(ञ) संघीय ऐनबाट प्रदत्त फोहर मैला तथा वातावरणसँग सम्बन्धित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ट) सडक वा नालामा भऱ्याङ, होडिङ बोर्ड वा यस्तै अवरोध पुग्ने सामग्री नराख्ने प्रवन्ध मिलाउने ।

## परिच्छेद - ३ फोहरमैला व्यवस्थापन विधि प्रकृया

५. फोहरमैला कम उत्पादन गर्ने : (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम तथा व्यवस्थापन सकभर आफै गर्नु पर्नेछ ।

(२). आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुन : प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरण : “आफ्नो क्षेत्र” भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

६. फोहरमैलाको पृथकीकरण : (१) फोहर मैला व्यवस्थापन निर्देशक समितिले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले तोकिदिए अनुसार फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्र वा ढुवानी साधन सम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिका तथा वडा समितिसँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्न सक्नेछ ।

७. फोहरमैलाको निष्काशन : (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका फोहरमैला व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनःप्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन ।

(४) संरचना एवं घर निर्माण तथा मर्मत सम्भार गर्दा निश्कासित गर्दा निष्कने फोहरको व्यवस्थापन गर्ने दायित्व सम्वन्धित उर्त्सजन कर्ताको हुनेछ तर उत्सर्जन कर्ताले वडाको फोहर संकलन गर्ने नीजि क्षेत्र वा वडालाई अनुसूची १ मा तोकिए वमोजिमको शुल्क बुझाई सेवा लिन सक्नेछ ।

५) सडक एवं फुटपाथमा निर्माण सामग्री राख्दा अनुसूची (१) मा तोकिए वमोजिमको शुल्क अग्रिम बुझाई तोकिए वमाजिमको समय सम्म वडा समितिको कार्यालयको अनुमति लिई राख्न सक्नेछ ।

(६) वडा भित्र जथाभावी वर्कसप खोल्ने कार्यलाई निरुत्साहीत गर्दै फोहरमैला व्यवस्थापन समिति सँग अनुमति लिएर मात्र उचित ढंगबाट फोहर व्यवस्थापनको सुनिश्चितता गर्दै वर्क सप संचालन गर्ने व्यवस्था मिलाईनेछ,। वडाले तोकेको स्थानमा वर्कसप संचालन गर्दा वर्कसपको फोहर कालो पानी एवं अन्य फोहरलाई नालामा नपठाई छुट्टै सोक्ता वनाई विर्सजन गर्नु पर्नेछ ।

(७) नयाँ बन्ने घरको भान्सा र वाथरुमको पानी संभव भए सम्म घर कम्पाउड भित्र सोक्ता बनाई व्यवस्थापन गर्न घरधनिलाई प्रेरित गर्ने घर कम्पाउण्ड भित्र व्यवस्थापन गर्न सम्भव नभएको भनी टोल विकास संस्थाले सिफारिस गरेमा पानी छानेर मात्र सतह ढल एवं नालिमा पठाउनु पर्नेछ ।

(८) पशु पन्छी र घरपालुवा चौपाया पालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्था : १) गाई भैसी, खसि बाख्रा र वोइलर कुखुरा फारम संचालन वा सुँगुर बंगुर पालन गर्दा अनिवार्य रुपमा वडा समितिको अनुमति लिनु पर्नेछ । यस्ता प्रकारका व्यवसाय संचालन गर्नु पूर्व छर छिमेकको सहमति समेत अनिवार्य हुनु पर्ने । अनुमति लिई उल्लिखित पशु चौपाया र पन्छी पालन गर्नेले समेत सोको फोहर निश्कासन र व्यवस्थापन छर छिमेकलाई असर नपर्ने गरी नगरपालिकाले तोके वमोजिमको मापदण्ड वमोजिम गर्नु पर्नेछ । पशु चौपाया र पन्छीलाई सार्वजनिक बाटोमा बाध्न तथा छाड्न पाइने छैन ।

(९) वडा भित्र फेला परेका लावारीस मृत पशु पन्छीलाई वडाको फोहर ढुवानी साधनले ल्याण्डफिल साइटमा लगि उचित ढंगवाट विर्सजनको व्यवस्था मिलाउनु पर्नेछ । पशु धनि पहिचान भएमा मृत पशु लाई सम्वन्धित धनिले पायक पर्ने स्थानमा नै खाल्डो खनि व्यवस्थापन गर्न वडा कार्यालयले लगाउने छ तर स्वयंले व्यवस्थापन गर्न नसक्ने स्थिति भएमा वडा समितिलाई तोके वमोजिमको सेवा शुल्क वुझाई व्यवस्थापन गर्नु पर्नेछ । साना पशु पन्छिलाई वडा समितिको अनुमतिमा पायक पर्ने खाली स्थानमा खाल्डो खनि व्यवस्थापन गर्न सकिनेछ ।(

(१०) वडा भित्र मासु व्यवसाय सञ्चालन गर्ने व्यवसायीले निर्धारित गरिएको बधशालामा नै चौपायाको बध गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

९) शौचालयको दिसा एवं लेदो व्यवस्थापन : १) शौचालय निर्माण कर्ताले जमिनको पानी प्रयोग नगर्ने स्थलमा सोक्ता टयांकी बनाउन सक्नेछ तर जमिनको पानीको लेवल माथि भएको अथवा जमिनको पानीको प्रयोग हुने क्षेत्रका शौचालयको सेफ्टीक टयांकी होल्डीड. टयांक वा सेफ्टीक टयांक वनाउनु पर्नेछ । शौचालयको पानीलाई सतह ढलमा पठाउन पाइने छैन । यस प्रकारको कार्य गर्नेलाई दफा (११) मा तोकिए वमोजिमको जरिवाना हुनेछ ।

२ शौचालयको लेदो फाल्ने व्यक्ति फर्मको सम्पर्क नम्वर प्रत्येक टोल संस्थालाई जानकारी वडा कार्यालयले गराउनेछ र टोल संस्थाले आफ्ना सदस्यहरुलाई जानकारी गराई ट्यांकी भरिनु पूर्व नै सम्वन्धित सेवा प्रदायकलाई सम्पर्क गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३) वडा समितिको कार्यालयले नीजि क्षेत्रको सहकार्यमा सक्सन टयांकर प्रवन्ध गरि सेवा प्रवाह गर्न सक्नेछ ।

४) सक्सन टयांकर सेवा दिने सबै सेवा प्रदायकहरुले सेवा प्रदानका लागि नगरपालिकामा प्रत्येक वर्ष सूचिकृत गराई व्यवसाय दर्ता तथा नविकरण भएको हुनुपर्नेछ ।

## परिच्छेद - ४ फोहरमैला व्यवस्थापन सेवा शुल्क

१०. सेवा शुल्क उठाउने : (१) वडा कार्यालयले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाउनेछ ।

(२) पहिलो आ.व. २०८०।८१ का लागि उपदफा (१) बमोजिमको शुल्कको दर अनुसूची (१) मा उल्लेख भए वमोजिम हुनेछ । तत्पश्चात शुल्कको दर निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र नगर कार्यपालिकावाट तोकिए बमोजिमका अन्य कुराहरुका आधारमा फोहरमैला व्यवस्थापन समितिको परामर्शमा समितिवाट स्वीकृत गराई न.पा. कार्यालयले उठाउनेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क नगरपालिका आफैंले वा अन्य संघ संस्था, फर्म मार्फत समेत उठाउन सक्नेछ । यसरी सेवा शुल्क असूलीमा परिचालन हुने संस्था, फर्मलाई समितिले नगरपालिकाको स्वीकृतिमा तोके वमोजिमको व्यवस्थापन खर्च उपलब्ध गराउन सक्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि न.पा.ले तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिन सकिनेछ भने नगरवासीको आय स्तरका आधारमा अनूसूचि (१) मा उल्लेखित सरसफाई सेवा शुल्कमा छुट दिनु पर्ने न.पा.कार्यालयले आवश्यक ठानेमा निर्देशक समितिको सहमतिमा छुट दिन सक्नेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ । सो रकम तोकिएको मापदण्डको अधीनमा रही वडाको फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा

फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा नगरपालिकावाट कार्यक्रम स्वीकृत गराई आवश्यकता अनुसार कार्यालयले खर्च गर्नेछ ।

६. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने : (१) फोहरमैला व्यवस्थापन समितिको सिफरिसमा नगरपालिकाले दफा (१०) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी र नगरपालिका उपलब्ध हुने अन्य सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन २०६८ दफा (१५) बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको दफा (१०) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा कार्यालयको निर्देशनमा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी नगरपालिका लाई दिनु पर्नेछ ।

(३) उपदफा ६ (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैंले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले दफा (१०) बमोजिम बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निज वा निजको एकाघरको परिवारका नाममा रहेको एकिकृत सम्पत्तीकर वा व्यवसायकर खातामा प्रविष्ट गरी सेवा शुल्क असुल गरिनेछ ।

(५) सेवाग्राहीले दफा (१०) बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

(६) कुनै पेशा व्यवसाय नगरी घर भाडामा लिइ वस्ने व्यक्तिले सेवा शुल्क वुझाउन अटेर गरेको हकमा सम्वन्धित घर धनिवाट असूलीको प्रकृया अगाडी बढाइने छ ।

## परिच्छेद - ५ कसूर, सजाय तथा कार्वाही प्रकृया

११. कसूरः १. कसैले देहायको कुनै काम गरेमा फोहरमैला व्यवस्थापन ऐन २०६८ र यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :

(क) फोहरमैला व्यवस्थापन समितिले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) फोहरमैला व्यवस्थापन ऐन, २०६८ ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने तथा घर एवं संरचना निर्माण एवं मर्मत संभार गर्दाको सामग्री अनुमति वेगर सडक एवं फुटपाथमा राखेमा ।

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट), वा शौचालयको लेदोलाई सतह ढल वा अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने, अनुमति वेगर वर्कसप संचालन गर्ने तथा वर्कसपको फोहरपानी जथाभावि नालामा मिसाउने ।

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालिका ले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, जलाउने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने, (

त) फोहरमैला व्यवस्थापन ऐन २०६८ दफा (४४) विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी दफा (६) को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने ।

(न) चुरोट तथा सुर्तिजन्य (पान गुटका आदि) जस्ता बस्तुको फोहर जथाभावी फाल्ने ।

(प) घर पालुवा पशु पन्छीलाई छाडा छाड्ने तथा अनुमति वेगर व्यवसायिक रुपमा पशु पन्छी पालन गर्ने तथा सडकमा वांध्ने कार्य गर्ने ।

१२. सजाय : (१) दफा ११ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाबाट खटाइएको अनुगमन टोलि वा कार्यालयले पहिलो पटक भए पाँच सय रुपैयाँसम्म जरिबाना, सोही कसूर पटक पटक दोहोराएमा पटकै पिच्छे दोव्वर जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा ११ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले पाँच सय रुपैयाँ देखि तीन हजार रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ ।

(३) दफा ११ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले दुई हजार पाँच सय रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) दफा ११ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका कार्यालयले पाँच हजार रुपैयाँदेखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ भने शर्त उल्ङ्घन गरी कार्यालयलाई पूर्व जानकारी नदिई फोहर समयमा संङ्कलन समयमा नगरेको फोहर मैला व्यवस्थापन समितिले ठहर गरेमा उल्लेखित जरिवानाका अलावा अतिरिक्त फोहर व्यवस्थापन खर्च समेत सम्वन्धित पक्षवाट असूल गरिने छ ।

(५) दफा ११ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले दुइ हजार पाँच सय रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा ११ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले प्रथम पटक एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ सोही कसुर दोहोराएमा दोव्वर जरिवाना गरिनेछ ।

(७) दफा ११ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(८) दफा ११ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले दुइ हजार पाँचसय रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा ११ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(१०) दफा ११ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई नगरप्रमुखले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा फोहरमैला व्यबस्थापन ऐन २०६८ बमोजिम तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सम्वन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(११) दफा ११ को खण्ड (थ), (ध) र (न)बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले प्रत्येक पटक एक सय रुपैयाँ र जरिबाना गर्न सक्नेछ साही कसूर पुनः गरेमा पत्य्रेक पटक एक सय वृद्धि गरी जरिवाना गर्न सक्ने छ ।

(१२) माथि जे सुकै लेखिएको भएता पनि दफा (११) मा उल्लेखित कसुरहरु गर्नेलाई रु ५०००। सम्मको जरिवाना वडा समितिको कार्यालयले असूल गर्नेछ भने सो भन्दा माथिको जरिवानाका हकमा वडा समितिले जरिवाना प्रस्ताव गरी नगरपालिकामा सिफारिस गर्नेछ नगरपालिकाले जाँचबुझ गरी नगर प्रमुख समक्ष पेश गर्नेछ र नगर प्रमुखको निर्णय वमोजिम जरिवाना गरिने छ ।

(१३) दफा ११ को खण्ड (प) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले छाडा छाडीएका पशु पन्छि प्रति ज्यान रु ५०० सम्म र फर्मको हकमा प्रथम पटकका लागि रु २५०० सम्म जरिवाना गरि ३५ दिन भित्र हटाउने आदेश दिनेछ र सो म्याद भित्र न हटाएमा ३ महिना सम्म मासिक ५००० का दरले जरिवाना तत्पश्चात पनि न हटाएमा नगरपालिकाले फर्ममा वन्द गराई पशुपन्छि जफत गर्ने छ । सडकमा बांधिएका पशु चौपायाको हकमा प्रथम पटकका लागि प्रति ज्यान रु १००। दोश्रो पटक उक्त कार्य गरेमा ५००। तत्पश्चात समेत अटेर गरेमा पटकै पिच्छे दोब्वर जरिवाना नगरपालिकावाट खटाइएको निरिक्षण टोलीले गर्ने छ ।

१३. सेवा सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिने : (१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क र दण्ड जरिवाना नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको ऋण कारोवार रोक्का गर्नको लागि फोहर मैला व्यवस्थापन समितिले नगरपालिकामा सिफारिश गरेमा नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

## परिच्छेद - ६

## स्वास्थ्य संस्थाजन्य तथा हानीकारक फोहर व्यवस्थापन

१४. स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन : (१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको एकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिँदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

१५. रासायनिक विषादी सम्बन्धी व्यवस्था : (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

## परिच्छेद - ७
## सेवा व्यवस्थापन तथा प्रोत्साहन

१६. पुरस्कार दिन सकिने : (१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्था वा फर्मलाई वडा स्तरीय सरसफाइ समितिको सिफारिसमा नगरपालिका वा वडाले स रसफाइ व्यवस्थापन गर्न विशेष अनुदान वा सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई नगरपालिका वा सम्वन्धित वडाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

(३) वडा समिति, टोल विकास संस्था र सरोकारवालाको संलग्नतामा सफा र स्वच्छ वडा निर्माणका लागि कार्य सूचिको कार्यान्वयन गर्ने गराउने सवै सरोकारवालाको कर्तव्य हुनेछ ।

१७. सरसफाई निरीक्षक तोक्न सक्ने : वडा कार्यालयले वडाभित्र भएको सरसफाई गतिविधि अनुगमन गर्न, सेवा शुल्क असूली गर्न, स्थलगत निरीक्षणका आधारमा तोकिए वमोजिमको दण्ड सजाय प्रस्ताव गर्न सरसफाई निरीक्षक तोक्न सक्नेछ ।

(२) कार्यालयले मासिक रुपमा गरेको सरसफाई गतिविधि तथा सरसफाई सेवा शुल्कको असुली प्रतिवेदन नगरपालिकामा महिना समाप्त भएको सात दिन भित्र दिनु पर्नेछ ।

१८. सरसफाई व्यवस्थापन नीजि क्षेत्र वा गैर सरकारी संस्थावाट गराउन सकिने : (१) नगर कार्यपालिकाको निर्णय अनुसार नगरको एकमुष्ट वा भिन्ना भिन्नै समूह वनाइ नीजि क्षेत्र, गैर सरकारी संस्थामार्फत सरसफाइ व्यवस्थापन गर्न सकिनेछ ।

(२) नीजि क्षेत्र, गैर सरकारी संस्था वा सामुदायिक क्षेत्रवाट सरसफाइ व्यवस्थापन लिनुपरेमा निम्न प्रकृया पुरा गर्नु पर्नेछ ।

क) सेवा लिनुपर्ने क्षेत्रको विवरण, सेवा दिए वापत सेवा प्रदायकलाई उपलब्ध गराउन सकिने अनुदान रकम वा सहयोग वा सेवा प्रदायकवाट अपेक्षा गरेको रकम वा सहयोगको विवरण उल्लेख गरी कम्तीमा १५ दिनको समय दिई प्रस्ताव आव्हान गर्ने ।

ख) नगरपालिकामा सूचीकृत नीजि क्षेत्र, गैर सरकारी संस्था वा सामुदायिक संस्थाबाट सूचना वमोजिम प्राप्त प्रस्तावहरुलाई सार्वजनिक खरिद ऐन नियम वमोजिमको सम्झौता गर्ने ।

१९. फोहरमैला व्यवस्थापन शुल्क लिने : (१) नगरपालिकाले फोहर मैला तथा सररफाइ व्यवस्थापन गर्न निजी आवास तथा उद्योग व्यवसाय लगायत सार्वजनिक क्षेत्रबाट अनुसूची (१) वमोजिमको सेवा शुल्क असूल गरी नगरपालिकाको संचित कोषमा दाखिला गर्नेछ ।

(२) फोहरमैला व्यवस्थापन शुल्कबाट उठेको रकम सरसफाइ प्रर्वद्धनका क्षेत्रमा उपयोग गर्नु पर्नेछ ।

१९. खारेजी तथा बचाउं : मलंगवा नगर कार्यपालिकावाट यस पूर्व भएका काम कार्वाहीहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ ।

अनुसूची १

घरधनी एवम् व्यावसायिक संस्थाले मासिक बुझाउनु पर्ने सरसफाई सेवा शुल्क

| क्र.सं. | सेवा लिनेको किसिम | सेवा शुल्क दर (मासिक) | | कैफियत |
|---|---|---|---|---|
| | | न्यूनतम् | अधिकतम | |
| १ | प्रति घरधुरी | ५० | १०० | |
| २ | मर्मत तथा संम्भार सेवा तर्फ ग्यारेज सर्भिस | | | |
| क | साईकल, कुकर, पंखा, छाता, स्टोभ मर्मत व्यवसायी | ५० | १०० | |
| ख | घडि, रेडियो, साउण्ड सिस्टम | ५० | १०० | |
| ग | टि.भि | ५० | १०० | |
| ३ | मोटरसाईकल मर्मत तथा ग्यारेज सर्भिज, मोटर पार्टस | १०० | ३०० | |
| ४ | शो रुम रिपेरिङ तथा सर्भिस सेन्टर सहित (प्रकृति हेरी सबै प्रकारका) | ५००। | १००० | |
| ५ | क्लिनिक तथा औषधी व्यवसायी | | | |
| क | नर्सिङ होम | ५०० | १००० | |
| ख | एक्सरे, ल्याब सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | ५०० | १००० | |
| ग | पारामेडिकल सम्बन्धी सेवा | ३०० | ५०० | |
| घ | डाक्टरको सेवा नभएको मेडिकल पसल | २०० | ४०० | |
| ङ | सर्जिकल सामान बेच्ने पसल | ५०० | १००० | |
| च | बैद्यखाना तथा अन्य क्लिनिक ल्याब | ३०० | ५०० | |
| ६ | दुग्घ व्यवसायी/डेरी | ३०० | ५०० | |
| ७ | टेलर्स | | | |
| | क सामान्य टेर्लस ३ देखि ५ वटा सम्म मेशिन राखेका | १०० | २०० | |
| | ख व्यवस्थित टेर्लस ५ भन्दा बढी मेशिन राखेका | २५० | ५०० | |
| ८ | सुनचाँदी व्यवसायी | १५० | ५०० | |
| ९ | भाँडा व्यवसायी | १५० | ३०० | |
| १० | होटल व्यवसायी | | | |
| क | उच्च सुविधा सम्पन्न होटल तथा लज | १०००। | २००० | |
| ख | मध्यम सुविधा सम्पन्न होटल तथा लज | ५०० | १५०० | |
| ग | सामान्य सुविधा सम्पन्न होटल तथा लज | ३०० | ७०० | |
| घ | चिया नास्ता होटेल (ठेला समेत) | १०० | ३०० | |
| ङ | चाट तथा मिठाइ पसल | १५० | ३०० | |
| ११ | कपडा पसल | २०० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| १२ | रेडिमेट फेन्सी पसल | १०० | ३०० | |
| १३ | जुत्ता चप्पल पसल | २०० | ४०० | |
| १४ | उन व्यवसायी तथा पारचुन | ५० | १०० | |
| १५ | टेन्ट हाउस | ३०० | ५०० | |
| १६ | प्लाष्टिकजन्य सामग्रीको पसल | ५० | १०० | |
| १७ | शैक्षिक संस्था (नीजि तथा सामुदायिक विद्यालय, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्रहरु) | १०० | २०० | |
| १८ | सञ्चार सेवा तर्फ (केवललाईन, नेटवर्क, ईन्टरनेट सेवाप्रदायक, स्थानिय टेलिभिजन, एफ.एम.) | ५० | १०० | |
| १९ | छपाइ तथा प्रकाशन (छापाखाना) | ३०० | ५०० | |
| २० | वित्तीय सेवातर्फ (बैंक, सहकारी, बिमा कम्पनी, मनि टान्सफर | | | |
| क | मनि ट्रान्सफर | १०० | २०० | |
| ख | बैंक तथा वित्तीय निकाय | २०० | ३०० | |
| ग | सहकारी तथा विमा | २०० | ५०० | |
| २१ | तरकारी तथा फलफूल व्यवसायी | | | |
| क | घुम्ती खालको पसल | ५० | १०० | |
| ख | तरकारी पसल साना | ५० | १०० | |
| ग | होलसेल तरकारी मण्डी | ३०० | ५०० | |
| २२ | माछामासु पसल, व्यवसायी | ३०० | ५०० | |
| २३ | हेयर सैलुन तथा सौन्दर्यकला व्युटी पार्लर व्यवसायी | | | |
| क | व्युटीपार्लर | १०० | २०० | |
| ख | हेयर सैलुन | १०० | ३०० | |
| ग | कस्मेटीक पसल, चुरा पोते पसल | १०० | २०० | |
| २४ | आर्ट व्यवसायी (पेन्टर) | ५० | १०० | |
| २५ | मदिरा पसल होलसेल | ३०० | ५०० | |
| २६ | मेटल वर्कसप (ग्रिल सटर निर्माण तथा मर्मत) | ५० | १०० | |
| २७ | स्टील, काठ, फर्निचर, कार्पेट व्यवसायी | २०० | ३०० | |
| २८ | धान, च्यूरा, तेल मिल | २०० | ३०० | |
| २९ | काठ मिल | ३०० | ७०० | |
| | प्लाइउड | ५०० | १००० | |
| ३० | किराना पसल | १०० | ३०० | |
| क | डिपाटमेन्टल स्टोर/होलसेल व्यापार | २०० | ३०० | |
| ख | खुद्रा तथा फुटकर व्यापार | ५० | १५० | |
| ३१ | हार्डवेयर शिसा तथा विद्युत सामग्री पसल | | | |

| | | | | |
|---|---|---|---|---|
| क | हार्डवेयर तथा सिमेन्ट | २०० | ५०० | |
| ख | सिसा पसल | २०० | ३०० | |
| ग | विद्युत सामग्री पसल | १०० | २०० | |
| ३२ | कुखुरा, चल्ला तथा दाना वितरण व्यापारी | २०० | ३०० | |
| ३३ | एग्रोभेट पसल | १०० | ३०० | |
| ३४ | पान पसल / सि.डि.पसल | ५० | १०० | |
| ३५ | फिल्म हल | ५०० | १००० | |
| ३५ | फोटो स्टुडियो | १०० | २०० | |
| ३६ | चस्मा पसल/ पुल हाउस, कुरियर सेवा, जिमखाना, खुला व्यायामशाला | ५० | १०० | |
| ३७ | ग्यास डिलर/अन्य डिलर | १०० | २०० | |
| ३८ | ढुवानी सेवा | ३०० | ५०० | |
| ३९ | गिफ्ट कर्नर, खेलौना, माला पसल | १०० | २०० | |
| ४० | माटाका भाडा तथा पोष्टर बिक्रेता | १०० | २०० | |
| ४१ | कवाडी संकलन केन्द्र | ५०० | १५०० | |
| ४२ | आल्मुनियम पसल | १०० | ५०० | |
| ४३ | छुटेका अन्य व्यवसाय (प्रकृति हेरी) | १०० | १००० | |
| ४४ | संरचना एंव घर निर्माण तथा मर्मत सम्भार गर्दा निष्कासित फोहोरको व्यवस्थापनकर्ता कार्यालय वा निजी क्षेत्र वा टोल विकास संस्थालाई घरधनि वा फोहोर निष्कासनकर्ताले बुझाउनु पर्ने सेवा शुल्क | | | |
| क | १ पावर टेलर वा सो भन्दा कम | २००। | | |
| ख | २ पावर टेलर | ३००। | | |
| ग | ३ पावर टेलर | ४००। | | |
| घ | १ टेक्टर | ५००। | | |
| ङ | १ टेक्टर भन्दा बढी भएमा प्रति टेक्टर थप | ३००। | | |
| ४५ | घर एंव संरचना निर्माणका क्रममा सडक एंव फुटपाथमा तोकिए बमोजिमको समय सम्म सामाग्री राख्न अनुमति शुल्क | | | |
| क | पिच सडकमा सवारी आवागमनमा असर नपर्ने गरी ४८ घण्टासम्म | निशुल्क | | |
| ख | पिच सडकमा सवारी आवागमनमा असर नपर्ने गरी ३ दिन सम्म दैनिक | १०० | | |
| ग | फुटपाथ क्षेत्रको ७ दिन सम्मका | २०० | | |
| | फुटपाथ क्षेत्रको ७ दिन देखि १५ दिन सम्म दैनिक | ३०० | | |
| ४६ | सडक एवं फुटपाथमा सवारी आवागमनमा असर नपर्ने गरी गाई भैसी वा वाखा वस्तु बाँधेमा दैनिक | ३० | २०० | |
| | | | | |

आज्ञाले
गेहनाथ गौतम
प्रमुख प्रशासकीय अधिकृत